# बागलुङका प्रेम गण्डकी लोकतारा

आदर्श समाज
पोखरा, ८ असार

बागलुङको तमानखोला गाउँपालिकाका प्रेम बिक गण्डकी लोकतारा बनेका छन् ।

शनिबार पोखरामा आयोजित ग्राण्ड फिनालेमा अन्य प्रतिस्पर्धीलाई पछि पार्दै उनले प्रथम गण्डकी लोकताराको उपाधिसहित नगद ५१ हजार १११ हात पारे । साथै, गीत रेकर्डिङ अवसर एवं निःशुल्क संगीतक कक्षाको सुविधा पाएका छन् ।




लोक तथा दोहोरीमा नयाँ प्रतिभाको पहिचान गर्ने उद्देश्यले राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल गण्डकी प्रदेश समितिले पहिलोपल्ट उक्त प्रतियोगिता आयोजना गरेको हो । गण्डकीका ११ जिल्लामध्ये ९ जिल्लाको फरक-फरक अडिसनबाट उत्कृष्ट २ जनाको दरले छानिएकाहरु ग्राण्ड फिनालेमा पुगेका थिए । हिमालपारिका जिल्ला मनाङ र मुस्ताङमा अडिसन नरहे पनि गायन रियालिटीमा अन्य जिल्लाको अडिसनमा नवप्रतिभावान् प्रतिस्पर्धीहरुको ठूलो आकर्षण थियो । प्रतियोगितामा स्याङ्जाकी शीला गुरुङ उपविजेता भइन् । उनले ३१ हजार १ सय ११ रुपैयाँ प्राप्त गरिन् ।

यस्तै, म्याग्दीका विजय परियारले तृतीय स्थान हासिल गर्दै २१ हजार १ सय ११ रुपैयाँ पाए । स्याङ्जाका दिलीप मानन्धर सान्त्वना भए । उनले ११ हजार १ सय ११ रुपैयाँ हात पारे । गोरखाका पवनसिंह परियारले उत्कृष्ट आवाजतर्फको उपाधि जितेका छन् । द्वितीय र तृतीयसमेतले निःशुल्क गीत रेकर्डिङ अवसर पाउने छन् ।

'हाम्रो अभियान लोक संस्कृतिको संरक्षण, स्रष्टाको सम्मान, नवप्रतिभाको प्रोत्साहन' भन्ने नाराका साथ विश्व संगीत दिवस अवसर पारेर पोखरा उद्योग वाणिज्य संघमा आयोजित आरके हस्पिटालिटी प्रथम गण्डकी लोक ताराको ग्राण्ड फिनालेमा कुल १८ जना प्रतिस्पर्धामा थिए ।

बागलुङको अडिसनबाट प्रेमसहित ललिता घर्ती छानिएर पोखरा आएकोमा प्रेमले उपाधि जितेकोमा निकै खुसी लागेको प्रतिष्ठान जिल्ला अध्यक्ष सरस्वती खड्का परियारले बताइन् । सानैदेखि गीतसंगीतमा रुचि राख्ने प्रेमले कक्षा १२ पढेका छन् ।

प्रतियोगिताको गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री बिन्दुकुमार थापाले उद्घाटन गरेका थिए ।

प्रतिष्ठानका केन्द्रीय अध्यक्ष रीता थापामगरको विशिष्ट आतिथ्य रहेको प्रतियोगिताको निर्णायक संयोजकमा प्रतिष्ठानका पूर्व अध्यक्ष दुर्गा रायमाझी थिए । यस्तै, निर्णायकमा प्रतिष्ठानका पूर्व अध्यक्ष पुरुषोत्तम न्यौपाने, संगीतकार नवराज बराल, चर्चित लोकदोहोरीगायक पशुपति शर्मा र गायिका शान्ति गुरुङ थिए ।

प्रतिष्ठान गण्डकी अध्यक्ष राजन कार्कीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव रामजी पौडेलले गरेका थिए ।

# 'खाना खेर नफालौं'



आदर्श समाज
पोखरा, ८ असार

पोखरामा आयोजित एक कार्यक्रमका वक्ताले खाना खेर फाल्न नहुने सुझाव दिएका छन् । सामाजिक विकास कार्यालय कास्कीको आयोजना तथा शिक्षा विकास तथा समन्वय इकाइ कास्कीको समन्वयमा आइतबारदेखि सुरु बालबालिकालाई सामाजिक सञ्जालको दुरुपयोग तथा खाना खेर फाल्ने प्रवृत्ति निराकरण अभियान शुभारम्भबीच उक्त कुरामा जोड दिइएको हो ।

अभियान उद्घाटन गर्दै शिक्षा विकास निर्देशनालय गण्डकी प्रदेशका महानिर्देशक घनश्याम पौडेलले खानाको महत्व अधिक रहने चर्चा गर्दै त्यसबारे भोका मानिसलाई सुध्नुपर्ने बताए । उनले नेपालमा खान नपाएर भन्दा पनि खान नजानेर रोग लाग्ने मानिस धेरै रहेको चर्चा गर्दै अर्गानिक उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने औँल्याए । पौडेलले समाज हरेक क्षेत्रबाट नकरात्मकता तर्फ अगाडि बढिरहेको चर्चा गर्दै सामाजिक सञ्जालको दुरुपयोगका कारण वर्षिनी धेरैले ज्यान गुमाउने गरेको स्पष्ट पारे।उनले कास्कीबाट सुरु गरेको यो अभियानको संदेशलाई देशैभर पुऱ्याउनुपर्ने पनि भनाइ राखे ।

शिक्षा विकास तथा समन्वय इकाइ कास्की प्रमुख लोकनाथ आचार्यले सामाजिक सञ्जालको दुरुपयोगले धेरै मानिस फस्ने गरेको स्पष्ट पार्दै सञ्जालमा कतिपय कुरा नराम्रो हुने तर्क गरे । उनले खाना ठीक मात्रामा खानुपर्ने भन्दै बढी वा कम खाएर मानिस रोगी बन्ने जनाए । सहभागीलाई सामाजिक सञ्जालको सदुपयोग गर्न तथा खेर फाल्न नहुने अभियानको अभियान्ता बन्न पनि उनले आग्रह गरे ।

सामाजिक विकास कार्यालय प्रमुख राजेन्द्रप्रसाद पौडेलले खाना खेरा फाल्नु हुँदैन भन्ने कुरा मनबाटै आउनुपर्ने धारणा राख्दै राम्रा कुराहरुलाई अनुशरण गर्दै जानुपर्ने बताए ।

बालबालिकालाई समाजिक संजालको दुरुपयोग न्यूनिकरण गरी सभ्य समाजको निर्माणमा सहयोग पुर्याउन तथा उनीहरुमा सकारात्मक सोचको विकास गर्ने उद्देश्यका साथ कार्यक्रम गरिएको हो ।

२ दिनसम्म चल्ने उक्त अभियानअन्तर्गत जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी वरिष्ठ नायव निरीक्षक होतबहादुर रोकाहा, राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अरुण श्रेष्ठ, आइटी प्रशिक्षक रोहनराज पौडेललगायतले सहजीकरण गर्नेछन् ।

सामाजिक विकास कार्यालय प्रमुख पौडेलको अध्यक्षतामा भएको उक्त कार्यक्रममा कर्मचारी जंगबहादुर हमाल ठकुरीले स्वागत र अधिकृत ज्ञानेश्वर सुवेदीले कार्यक्रम संचालन गरे । । अभियानमा कास्कीस्थित सामुदायिक माध्यमिक (कक्षा ११, १२) का विद्यार्थीको सहभागिता छ ।

# पोखरा इन्जिनियरिङमा प्रशिक्षण



**पोखरा, ८ असार (आदर्श समाज)-** पोखरा इन्जिनियरिङ कलेजमा रहेको सिभिल इन्जिनियरिङ विभागको प्राविधिक सेसिल आयोजना तथा कलेजको रिसर्च म्यानेजमेन्ट सेल (आरएमसी) संयोजक इ. कृष्ण घिमिरेको संयोजकत्वमा स्टिमेट ट्रेनिङ सम्पन्न भएको छ ।

२ दिनसम्म चलेको कार्यक्रममा अर्बन डेभलपमेन्ट एण्ड बिल्डिङ कन्स्ट्रक्सन अफिसका इन्जिनियर अच्युत पौडेलद्वारा तालिम प्रदान गरिएको थियो । तालिममा करिब ४० जना विद्यार्थीहरूले भाग लिएका थिए ।

तालिमले विद्यार्थीहरूलाई भवन निर्माणसम्बन्धी परियोजनाहरूको लागत अनुमान गर्ने सीप प्रदान गर्नुका साथै व्यावहारिक दक्षता अभिवृद्धि गर्न ठूलो टेवा पुगेको सहभागीले बताए ।

समापनको क्रममा संयोजक घिमिरेले यस्ता तालिमले विद्यार्थीहरूलाई भविष्यको निर्माण क्षेत्रको लागि अझ सक्षम बनाउने विश्वास व्यक्त गरे ।

कलेजले विद्यार्थीहरुलाई यस्ता थुप्रै ननक्रेडिटेड प्रशिक्षणहरु निरन्तर दिँदै आएको प्रिन्सिपल इ. सोम गुरुङले बताए ।

## समृद्ध...

विषयमा अध्ययन गर्नका लागि 'बुक फ्री फ्राइडे' कार्यक्रम सञ्चालन गरिनेछ । स्वास्थ्यतर्फ सबै वडामा स्वास्थ्य बिमा गर्न जनतालाई प्रोत्साहित गरिने छ । त्यस्तै आपतकालीन मातृ तथा शिशु स्वास्थ्य व्यवस्थित गर्न गाउँपालिकामा 'आपतकालीन सुरक्षित मातृत्वकोष' स्थापना गरिनेछ । 'मेरो स्वास्थ्य, मेरो जिम्मेवारी' भन्ने अभियानका साथ वडा वडामा निरोगी गाउँपालिका अभियान सञ्चालन गरिने बताइएको छ ।

गाउँपालिकाले सहिदको सम्मान र सम्झनाका लागि सहिद स्मारक पार्क निर्माण गर्नेछ । वडा ६, लुम्ले गाउँलाई कविता, कला र संगीतको सृजनाग्रामको रुपमा विकास गरिनेछ ।

गाउँपालिकाकाभित्र परम्परागत प्राचिन मौलिक भाषा, भेषभूषा, संस्कृति, सहित्य, संगीत, गायन र कला क्षेत्रको पहिचान संरक्षण गर्नका लागि गाउँपालिकास्तरीय अन्नपूर्ण प्रज्ञा प्रतिष्ठान गठन तथा परिचालन गरिने प्रस्तुत नीति तथा कार्यक्रममा उल्लेख छ ।

गाउँपालिकाले 'अन्नपूर्णको आवाज, छुवाछुतमुक्त तथा लैगिक हिंसामुक्त र समावेशी समाज', 'म सेवा गर्छु' भन्ने नारासहितको हेल्प डेक्स व्यवस्था, सेवा प्रवाहलाई नागरिकमैत्री बनाउन मुस्कानसहितको सेवा प्रवाह (कार्यालयमा प्रवेश तथा बहिर्गमन हुँदासमेत) लाई निरन्तरता दिइएको छ ।

# मुस्लिम आयोगद्वारा प्रतिवेदन पेस

**पोखरा, ८ असार (आदर्श समाज)-** गण्डकीका प्रदेश प्रमुख डिल्लीराज भट्टसमक्ष मुस्लिम आयोगले वार्षिक प्रतिवेदन पेस गरेको छ । नेपालको संविधानबमोजिम आयोगका कावा अध्यक्ष महमदिन अलीले आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन प्रदेश प्रमुख भट्टलाई बुझाएका हुन् ।

प्रदेश प्रमुख भट्टले मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र सम्वर्द्धन तथा सशक्तिकरणका लागि आयोग बनेको उल्लेख गर्दै नेपालका विभिन्न जाति, भाषा, संस्कृति र समुदायका बीचमा सहअस्तित्वका आधारमा आपसी सद्भाव कायम राख्न मुस्लिम आयोग जस्ता आयोगको भूमिका महत्वपूर्ण हुने बताए ।

प्रतिवेदनमा उल्लेख गरिएका विषयहरू मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमार्फत प्रदेशसभामा छलफलका लागि पेश गरिने प्रदेश प्रमुख भट्टले बताए ।

आयोगका कावा अध्यक्ष अलीले आयोगका गतिविधि, उपलब्धि र आगामी योजनाबारे प्रदेश प्रमुख भट्टसमक्ष जानकारी गराए । अलीले मुस्लिम समुदायको अवस्था सुधारका लागि आयोगले प्रयास गरिरहेको बताउँदै पर्याप्त स्रोतसाधन, बजेट र अधिकार नहुँदा आयोगले काम गर्न नसकेको गुनासो आयोगको छ ।


## कर्मचारी आवश्यकता

यस संस्थामा निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा इच्छुक र योग्य व्यक्तिले लिखित निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

**पद :** कर्जा सहायक (अधिकृत चौथो श्रेणी, भविष्यमा प्रबन्धक बन्न सक्ने)

**योग्यता :** स्नातक उत्तीर्ण वा सो सरह

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु**

१. रीतपूर्वक निवेदन, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यता तथा कार्य अनुभव भएमा सो प्रमाणपत्रको प्रतिलिपि ।
२. **छनोट विधि :** लिखित, मौखिक तथा आवश्यकताअनुसार ।
३. **तलब :** आपसी समझदारीमा तथा नेपाल सरकारबाट तोके अनुसार ।
४. **दरखास्त बुझाउनुपर्ने अन्तिम मिति :** २०८२ असार १५ गते कार्यालय समयभित्र ।

थप जानकारीका लागि
**सिद्धार्थ गौतम बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-१२, उपकारमार्ग
सम्पर्क : ०६१-५८१०१०, ९८२५११४५४५

## ऋण भुक्तानी गर्ने बारे अत्यन्त जरुरी सूचना

**श्री ऋणी सदस्य महानुभावहरु**

यस फेवा बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-५, जिरो कि.मि. बाट विभिन्न शीर्षकमा ऋण लिई उपभोग गर्दै आउनु भएका शेयर सदस्यहरुको ऋणको साँवा र ब्याज (किस्ता) रोकिएका तथा समय अवधि समाप्त भइसकेका (भाखा नाघेका) ऋणी सदस्यहरु तथा धनजमानीहरुलाई यसअघि पटकपटक लिखित तथा मौखिक एवम् फोन मार्फत जानकारी गराउँदा समेत संस्थामा बुझाउनु पर्ने किस्ता रकम नबुझाएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त सूचना अनुसार यही मिति २०८२ साल असार २० गतेभित्र संस्थामा आई रोकिएको साँवा, व्याज र हर्जना व्याज रकम बुझाई संस्थालाई सहयोग गरी आफ्नो प्रतिष्ठा इज्जत जोगाउनु हुन अनुरोध गरिन्छ । अन्यथा आलटाल गरी तिर्न वा नबुझाएमा ऋणीको र धनजमानी बसी दिनेको फोटोसहित तीनपुस्ते नाम राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरी सहकारी ऐन २०७४, नियमावली २०७५ को कानुनअनुसार असुली गराइने र कालोसूचीमा समेत समावेश गराइने जानकारी साथ अनुरोध छ ।

कर्जा विभाग
**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-५, जिरो कि.मि., फेवा मार्ग
फोन नं. ०६१-५७३३७५, ०६१-५८२३७६

## सुबर्ण अवसर सुबर्ण अवसर सुबर्ण अवसर

## गण्डकी प्रदेश टेनिस संघ

आगामी मिती २०८२ आषाढ २२ गते देखि गण्डकी प्रदेश टेनिस संघले निशुल्क रुपमा संचालन गर्न गइ रहेको ग्रो टेनिस (ट्यालेन्ट हन्ट) कार्यक्रम अन्तर्गत छनौट चरणको प्रशिक्षणमा सहभागी हुनका लागि आबेदन फारम खुलेको हुदा इच्छुक निम्न आयश्रोत तथा आर्थिक अबस्था कमजोर भएका ८ देखि १२ बर्ष सम्मका सामुदायिक , आधारभुत तथा सरकारी बिद्यालयमा अध्यनरत बाबु नानी तथा उहाँहरु का अभिभावकहरु ले निम्न बमोजिमका कार्यालय तथा ब्यक्तिहरु लाई सम्पर्क गरि आफ्नो आबेदन फारम वा नाम दर्ता गराउन हार्दिक अनुरोध गरिन्छ ।

नाम दर्ता तथा आबेदन दिने अन्तिम मिती: २०८२ आषाढ १७ गते सम्म
सम्पर्क स्थान:
गण्डकी प्रदेश टेनिस संघको सचिबालय, पोखरा रंगशाला
सम्पर्क ब्यक्ति:
कुमार अधिकारी फोन:९८४१३००६२३
पुस्पा गौडेल फोन ९७६५६५९५४६



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना ९ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय बेगनासतालबाट तपशिलमा उल्लेखित ऋणीहरुले घर घडेरी कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| ऋणीको विवरण |
| --- |
| शेर बहादुर लामाको छोरी मनराज तामाङ्गको बुहारी अमर तामाङको पत्नी कास्की जिल्ला मादी गा.पा. वडा नं. ११ हाल, पोखरा म.न.पा. वडा नं. ३१ बस्ने **विमला तामाङ्ग** (ना.प्र.नं. : १६४४५३ जारी मिति र जिल्ला : २०६२/०९/२४, कास्की) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| १) मनराज तामाङ्गको नाति अमर तामाङ्गको छोरा कास्की जिल्ला मादी गा.पा. वडा नं. ११ हाल, पोखरा म.न.पा. वडा नं. ३१ बस्ने **अविन तामाङ्ग** (ना.प्र.नं. : ४६-०१-७५-००७८० जारी मिति र जिल्ला : २०७५/०२/०२, कास्की) |
| २) पुर्ण बहादुर लामाको नातिनी शेर बहादुर लामाको छोरी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २८ हाल, वडा नं. ३१ बस्ने **सपना लामा** (ना.प्र.नं. : ४६-०२-७४-००७५८ जारी मिति र जिल्ला : २०७४/०३/२६, कास्की) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## स्वच्छ सहर-स्वस्थ सहर

- धुँवा बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय समयमा मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं, जथाभावी नफालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं,
- सार्वजनिक स्थलबाट बोट विरूवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनी र वायु प्रदूषण कम गरौं,
- सडकको समय समयमा मर्मत संभार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं,

"सहरलाई सुन्दर बनाऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड

त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
**पोखरा नर्सिङ क्याम्पस, रामघाट, पोखरा**

## मूल्यसहित शिलबन्दी सूची पेश गर्ने सूचना

प्रकाशित मिति : २०८२/०३/९

त्रि.वि.चि.शा.अ.संस्थान पोखरा नर्सिङ क्याम्पस रामघाट, पोखरालाई आ.व. २०८२/२०८३ को लागि तपसिल बमोजिमका सामानहरूको मूल्यसूची आवश्यक भएकोले असार मसान्तभित्र यस कार्यालयको प्रशासन शाखामा कार्यालय समयभित्र आईपुग्ने गरी मूल्यसहित सिलबन्दी सूची पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना पेश गरिएको छ ।

**तपसिल**

१. छपाई तथा मसलन्द सामानहरू
२. विद्युतीय सामानहरू
३. टोनर कार्टेज
४. प्लम्बिङ सम्बन्धी सामानहरू
५. फर्निचर तथा फर्निसिङ फ्लोरिङ
६. हार्डवेयर सम्बन्धी सामानहरू
७. चेक राइटर, डट प्रिन्टर मेसिन
८. नर्सिङ ल्याबसम्बन्धी सामानहरू
९. ल्यापटप, कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन
१०. भान्सामा प्रयोग हुने सामानहरू
११. अन्य आवश्यक सामानहरू

**पेश गर्नुपर्ने कागजातहरू**

१. मूल्य अभिवृद्धि कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।
२. सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भएको प्रमाणपत्र नवीकरण पत्र तथा इजाजतपत्रको प्रतिलिपि ।
३. आ. व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
४. सिलबन्दी खाममा सूचीकृत हुने सामानको प्रकृति उल्लेख गर्नु पर्नेछ ।
५. माथि उल्लेख भएका सामानहरूको विवरणको फाराम क्याम्पसवाट उपलव्ध गराइने छ । साथै आपूर्तिकर्ताले सप्लाई गर्न सकिने सामानको सूची पेश गर्न सक्नेछ ।

**क्याम्पस प्रमुख**


**प्रकाशक :** आदर्श समाज बहुमुखी प्रकाशन (प्रा.) लि., नयाँसडक, पोखरा, फोन: ०६१-५८१२००, ५७१४८४ । E-mail: adrsamaj@gmail.com, www.eAdarsha.com, **प्रबन्ध निर्देशक:** अमृत बास्तोला, **प्रधान सम्पादक:** कृष्णप्रसाद बास्तोला